# राधी विद्युत कम्पनी लिमिटेडको
# आ.व. २०७३/७४ को वार्षिक साधारण सभामा
# संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

राधी विद्युत कम्पनी लिमिटेडको बाह्रौ वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुमा संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु । आ.व. २०७३/७४ मा कम्पनीद्धारा गरिएका वित्तिय तथा अन्य व्यवस्थापकीय गतिविधिहरुको अभिलेख स्वरुप यहाँहरु समक्ष संचालक समितिको तर्फबाट यो प्रतिवेदन पेश गर्ने अवसर पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

राधी विद्युत कम्पनी लिमिटेडको गत आ.व. २०७३/७४ मा भएका गतिविधिहरु शेयरधनी महानुभावहरु समक्ष राख्न चाहन्छु ।

**१. आ.व. २०७३/७४ को वासलात, नाफा नोक्सान तथा अन्य आर्थिक विवरणहरु :**
आ.व. २०७३/७४ को वासलात, नाफा नोक्सान तथा अन्य आर्थिक विवरणहरु यहाँहरुलाई उपलब्ध गराइसकिएकै छ र यो सभामा पनि पेश गरिएको छ । उक्त आर्थिक विवरणहरु छलफल गरि अनुमोदन गर्न अनुरोध गर्दछु ।

**२. ऋण तथा अन्य भुक्तानी दायित्व सम्बन्धमा :**
राधी साना जलविद्युत आयोजना निमार्णका लागि बैंक अफ काठमाण्डौ लिमिटेडको अगुवाइमा सानिमा बैंक लिमिटेड, ग्लोबल आई.एम.ई बैंक लिमिटेड, कुमारी बैंक लिमिटेड र जनता बैंक लिमिटेड नेपालको संयुक्त ऋण लगानी स्वरुप लिएको **रु.४४,००,००,०००/– (अक्षरुपी चौवालीस करोड मात्र)** मध्ये २०७४ असार मसान्त सम्ममा **रु.६,३०,००,०००/– (अक्षरुपी छ करोड तीस लाख मात्र)** चुक्ता गरिसकिएको छ । चुक्ता गर्न बाँकी ऋण **रु. ३७,७०,००,०००/- (अक्षरुपी रु. सैतिस करोड सत्तरी लाख मात्र)** रहेको छ ।

**३.विमा :**
राधी साना जलविद्युत आयोजनाको विद्युतगृह लगायत सम्पूर्ण संरचनाहरुको विमा अहिलेको बजार मुल्य अनुसार (Reinstatement Policy) मा गराइएको छ । सो बाहेक सम्भावित आम्दानी नघटोस् भन्ने हेतुले Loss of Profit विमा समेत गराइएको छ । सम्पति विमा वापत यस आ.व. २०७४/७५ को प्रिमियम रकम **रु. १९,८१,५०२.६५ /– (अक्षरुपी उन्नाईस लाख एकासि हजार पाच सय दुई रुपैयाँ र पैसठ्ठी पैसा मात्र)** भुक्तानी भएको छ । साथै आ.व. २०७४/७५ को लागि Loss of Profit को विमा प्रिमियम रकम **रु. २,६२,८१७.२५/– (अक्षरुपी दुई लाख बैसठ्ठी हजार आठ सय सत्र रुपैयाँ र पचिस पैसा मात्र** ) गरी कुल प्रिमियम रकम **रु. २२,४४,३१९.८९/– ( अक्षरुपी बाईस लाख चौवालिस हजार तीन सय उन्नाईस रुपैयाँ र उनान्नब्बे पैसा मात्र** ) भुक्तानी भईसकेको छ ।

**४. विद्युत उत्पादन विवरण :**
राधी साना जलविद्युत आयोजनाले श्रावण १, २०७३ बाट आषाढ ३१, २०७४ सम्म निम्न तल उल्लेखित विवरण अनुसारको विद्युत उर्जा नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरेको छ ।

| महिना | कन्ट्रयाक्ट ईनर्जी (kWh) | उत्पादन युनिट (kWh) |
|---|---|---|
| श्रावण | ३०,७८,८२१ | १९,४२,१६० |
| भाद्र | ३०,७८,८२१ | २४,४८,२७० |
| आश्विन | ३०,७८,८२१ | २४,५९,४७० |
| कात्तिक | २९,७९,५०४ | २९,९६,५१० |
| मंसिर | १६,३७,३६० | २५,४२,०८० |

| | | |
|---|---|---|
| पौष | १३,८९,२७४ | १७,४६,४६० |
| माघ | ११,९२,११२ | १३,८४,९८० |
| फाल्गुण | १२,३१,९१९ | १२,१३,४५० |
| चैत्र | १२,७९,८७१ | १२,५९,७६० |
| वैशाख | १७,०५,०३७ | १३,२६,१८० |
| जेष्ठ | २४,३७,८६५ | १२,५३,७६० |
| आषाढ | ३१,७८,१३८ | २१,४२,९०० |
| **कुल** | **२,६२,६७,५४३** | **२,२७,१५,९८०** |

माथि उल्लेखित तथ्याङ्क अनुसार आयोजना बाट वार्षिक २ करोड ६२ लाख ६७ हजार ५ सय ४३ किलोवाट घण्टा विद्युत शक्ति उत्पादन हुने प्रक्षेपण राखिएकोमा ३३ के.भी. प्रशारण लाइनको स्तरोन्नति नहुँदा को बाबजुद पनि आयोजनाले यस आर्थिक वर्षको १२ महिनामा ८६.४८ प्रतिशत विद्युत उत्पादन गर्न सफल भएको छ । जसमा वर्षा यामका महिनाहरु अर्थात वैशाख देखि मंसिर सम्ममा वर्षा यामको कन्ट्रयाक्ट इनर्जी २ करोड ११ लाख ७४ हजार ३ सय ६७ किलोवाट घण्टा मध्ये आयोजनाले १ करोड ७१ लाख ११ हजार ३ सय ३० किलोवाट घण्टा विद्युत शक्ति उत्पादन गरी राष्ट्रिय ग्रिडमा आपूर्ति गरेको छ । जुन वर्षा यामको कन्ट्रयाक्ट इनर्जीको ८०.८१ प्रतिशत हुन आउछ । त्यसैगरि सुख्खा यामका महिनाहरु अर्थात पौष देखि चैत्र सम्ममा सुख्खा यामको कन्ट्रयाक्ट इनर्जी ५० लाख ९३ हजार १ सय ७६ किलोवाट घण्टा मध्ये आयोजनाले ५६ लाख ४ हजार ६ सय ५० किलोवाट घण्टा विद्युत शक्ति उत्पादन गरी राष्ट्रिय ग्रिडमा आपूर्ति गरेको छ । जुन सुख्खा यामको कन्ट्रयाक्ट इनर्जीको १०.०४ प्रतिशतले बढी हुन आउँछ ।

त्यसैगरि सिनो हाइड्रो सगरमाथा पावर कम्पनी प्रा. लि. ले भुलभुलेमा निमार्ण गरेको माथिल्लो मर्स्याङदी ए जलविद्युत आयोजना बाट मध्य मर्स्याङदी सम्म १३२ के. भि. प्रसारण लाइनको तार तान्ने कार्यले गर्दा ३३ के. भि. उदिपुर मनाङ फिडर २०७३ श्रावण महिनामा सरदर १४५.९८ घण्टा र भाद्र महिनामा सरदर ७२.६५ घण्टा, सटडाउन भएकोले विद्युत गृह पनि बन्द भएको थियो । सो बापत यस कम्पनीले सिनो हाइड्रो सगरमाथा पावर कम्पनी प्रा. लि. बाट श्रावण महिनामा रु. २९,८६,६४२.८९/- (अक्षरुपी उनन्तीस लाख छयासी हजार छ सय बयालीस रुपैयाँ र उनान्नब्बे पैसा मात्र) र भाद्र महिनामा १५,३०,२५८.७७/- (अक्षरुपी पन्ध्र लाख तीस हजार दुई सय अन्ठाउन्न रुपैयाँ र सतहत्तर पैसा मात्र) गरि कुल ४५,१६,९०१.६६/- (अक्षरुपी पैतालीस लाख सोह्र हजार नौ सय एक रुपैयाँ र छैसठ्ठी पैसा मात्र) प्राप्त भएको थियो जसले गर्दा श्रावण र भाद्र महिनामा उत्पादन युनिट घटे पनि कम्पनीको विद्युत बिक्रि बापतको आम्दानी नघटेको जानकारि गराउँछु ।

**५. राधी साना जलविद्युत आयोजनाको वर्तमान अवस्था :**

राधी साना जलविद्युत आयोजना आ.व. २०७३/०७४ मा सन्तोषजनक रुपमा संचालन भएको छ । यस आयोजनाबाट उत्पादन हने विद्युत नेपाल विद्युत प्राधिकरणको ३३ के.भि. प्रशारण लाईनमा जडान भएको छ । नेपाल विद्युत प्राधिकरणद्धारा आफ्नो ३३ के.भि. प्रशारण लाइनको मर्मत संभारमा उचित ध्यान नदिँदा र Power Evacuation को लागि आवश्यक प्राविधिक स्तरोन्नति नहुँदा Power Evacuation / Outage को समस्या यस आयोजनाले भोग्दै आएको छ । यति हुँदा हुँदै पनि यस आ.व.२०७३/०७४ मा राधी साना जलविद्युत आयोजनाले सन्तोषजनक रुपमा ८६.४८% विद्युत उत्पादन गर्न सफल भएको छ ।

**६. आ.व. २०७३/७४ मा सम्पन्न भएका मुख्य मर्मत संभारका कार्यविवरण :**

राधी साना जलविद्युत आयोजनाले यस आ.व. २०७३/०७४ मा मेशिनरी उपकरण र सिभिल संरचनाहरुमा सामान्य मर्मत संभारका कार्यहरु बाहेक Unit II को टरवाईनको रनर मर्मत संभार गरि बुटवलको Cream Hydel Pvt. Ltd. बाट राधी साना जलविद्युत आयोजनाको पावर हाउस सम्म ढुवानीको कार्य सम्पन्न गरिसकेको छ ।

यस आ.व. २०७३/७४ मा कम्पनीले Power House को अफिस रुम, कन्ट्रोल रुम र low voltage Switchgear Room को Finishing का कार्यहरु सम्पन्न गरिसकेको छ । साथै आगामि आ.व. २०७४/७५ भित्र टरवाइन floor को Finishing का कार्यहरु पनि सक्ने लक्ष्य राखेको छ ।

राधी विद्युत कम्पनी लिमिटेड RADHI BIDYUT COMPANY LIMITED ESTD. 2062

**७. भावी कार्ययोजना :**

कम्पनीले नेपाल सरकार उर्जा मन्त्रालय अन्तर्गत विद्युत विकास विभागबाट राधी साना जलविद्युत आयोजना देखि नेपाल विद्युत प्राधिकरणको प्रस्तावित टारीकुना (खुदी हव, २२०/१३२/३३ के.भि.) सम्म को करिब १४ कि.मि. ३३ के.भि. विद्युत प्रसारण लाईनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी वन मन्त्रालय बाट पनि आवश्यक स्वीकृत प्राप्त गरी अध्ययनको कार्य अगाडी बढाईरहेको कुरा जानकारी गराउन चाहन्छु ।

कम्पनीले आउँदा दिनहरुमा राधी साना जलविद्युत आयोजनाको संचालन तथा मर्मत संभार कार्यमा थप व्यवसायिक क्षमता प्रदर्शन गर्दै अधिकत्तम उत्पादन गरी आम्दानी वृद्धि गर्ने लक्ष्य राखेको छ ।

यस कम्पनीले भविष्यमा आकर्षक जलविद्युत आयोजनाहरुमा लगानी गर्ने उद्देश्य राखे अनुरुप युनीभर्सल पावर कम्पनी लिमिटेड द्वारा प्रवद्धित ११ मे.वा.को तल्लो खारे जल विद्युत आयोजना र दोर्दी खोला कम्पनी लिमिटेड द्वारा प्रवद्धित १०.३ मे.वा.को दोर्दी - १ जल विद्युत आयोजना (१२ मे.वा. क्षमता वृद्धि) मा केही पूँजी लगानी गरि सकेको छ । साथै राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड द्वारा प्रवर्द्धित ५ मे.वा. को रुकुम गाड जलविद्युत आयोजना र कसुवा खोला हाइड्रो पावर कम्पनी लिमिटेड द्वारा प्रवद्धित ४५ मे.वा. को कसुवा खोला जलविद्युत आयोजनामा पनि लगानी गर्ने लक्ष्य रहेको छ ।

स्थानीय तथा सर्वसाधारणलाई शेयर निष्काशनको लागि Nabil Investment Banking Limited लाई Issue प्रबन्धक नियुक्त गरिएको थियो । मिति वैशाख ०५, २०७४ गते देखि मिति जेष्ठ ०३, २०७४ गते सम्म आयोजना प्रभावित स्थानीय वासिन्दाहरुलाई साविक घेर्मु गा.वि.स. हाल मर्स्याङदी गाँउपालिका वडा नं. ५ र साविक ताघ्रिङ्ग गा.वि.स. हाल मर्स्याङदी गाँउपालिका वडा नं. ४ का वासिन्दालाई क्रमश ६० प्रतिशतले हुन आउने २,४६,००० कित्ता शेयर र बाँकी ४० प्रतिशतले हुन आउने १,६४,००० कित्ता शेयर खरिद आह्वान गरिएकोमा जम्मा २,६६,००० कित्ता साधारण बाँडफाँड भईसकेको छ । यसै क्रममा मिति जेष्ठ २९, २०७४ गते सर्वसाधारणलाई ७,६४,५५० कित्ता शेयर निष्काशन गर्नको लागि नेपाल धितोपत्र बोर्डमा निवेदन दिईएकोमा बोर्डबाट मिति कार्तिक ०७, २०७४ गते स्वीकृत पाई मिति पौष ०३, २०७४ गते देखि सर्वसाधारणहरुको लागि विक्रि वितरण गरिएको जानकारी गराउँदछु ।

**८.अन्तमा :**

यस कम्पनीको प्रगतीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग पुऱ्याउँदै आउनु भएका नेपाल सरकार, ऊर्जा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, विद्युत विकास विभाग, उद्योग मन्त्रालय, वन मन्त्रालय, कम्पनी रजिष्टारको कार्यलय, आन्तरिक राजस्वको कार्यालय वित्तिय सहयोग गर्ने बैंकहरु तथा अन्य सरकारी निकायहरु तथा लमजुङ्ग जिल्लाका संघसंस्थाहरु, लमजुङ्ग जिल्ला विकास प्रेमी महानुभावहरु, आयोजनाको कार्यलाई अघि बढाउन व्यवस्थापकिय सहयोग गर्ने लमजुङ्ग विद्युत विकास कम्पनी र सि.ई.डि.बि. हाइड्रो फण्ड लिमिटेड र यसका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । यस कम्पनीको कार्यमा सहयोग पुऱ्याउँदै आउनु भएका कर्मचारीहरुबाट भविष्यमा पनि यस्तै सहयोग प्राप्त भइरहनेछ भन्ने विश्वासका साथ धन्यवाद दिन चाहन्छु । यसका साथै आयोजनाको सफल कार्यान्वयन तथा सुचारुरुपले संचालन गर्नका लागि प्रारम्भदेखि सहयोग गर्दै आउनु भएका स्थानिय बासिन्दाहरुले पुऱ्याउनु भएको सहयोगको लागि हार्दिक धन्यवाद दिन चाहन्छु । साथै उहाँहरुबाट सदा झै निरन्तर सहयोग र सदभावको अपेक्षा राख्दछु ।

आफ्नो व्यस्त कार्यक्रमको बाबजुद पनि यस साधारण सभामा उपस्थित भई सक्रिय रुपमा सहभागी भई कम्पनीको हौसला बढाई दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनी र कम्पनी संचालक समिति प्रति देखाउनु भएको सहयोग, सदभाव, र विश्वासको निमित्त कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

राधी विद्युत कम्पनी लिमिटेड RADHI BIDYUT COMPANY LIMITED ESTD. 2062

**विनय कुमार भण्डारी**
**अध्यक्ष**